# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २२ गते, २०८२ साल (अतिरिक्ताङ्क २१


## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं १५

### गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** गण्डकी प्रदेश सडक ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "गण्डकी प्रदेश सडक (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**गण्डकी प्रदेश सडक ऐन, २०८१ को दफा २ मा संशोधनः**</u> गण्डकी प्रदेश सडक ऐन, २०८१ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (छ) र (ज) झिकिएको छ।

३. <u>**मूल ऐनको दफा २४ क. थप**</u>ः मूल ऐनको दफा २४ पछि देहायको दफा २४क. थपिएको छ।

**"<u>२४क. ऐनको प्रावधान लागु गर्नुपर्ने</u>**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को सडकको सीमा र दफा ८ को मापदण्ड स्थायी संरचना वा भवनको हकमा यस ऐन जारी हुनुपूर्व बनिसकेका भवन बाहेक नयाँ बन्ने स्थायी संरचनाहरुका लागि लागु गर्न सक्नेछ।

४. <u>**मूल ऐनको ठाउँ ठाउँमा संशोधन**</u>ः मूल ऐनको दफाको ठाउँ ठाउँमा रहेका "निर्देशनालय वा" र "निर्देशक वा" भन्ने शब्दहरु झिकिएका छन्।

प्रमाणिकरण मिति -२०८२/१२/२२

आज्ञाले,
ऋषिराज आचार्य
प्रदेश सरकारको सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।—